वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय ,सुर्खेत

मिति २०७९।१०।१६ गतेका दिन बसेको वीरेन्द्रनगर नगरकार्यपालिकाको तेह्रौं बैठकबाट देहाय वमोजमका निर्णयहरु पारित गरियो ।

निर्णय न. १

यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्ने ।

निर्णय न. २

वीरेन्द्रनगर नगरपालिकाको मितिः २०७९।०९।६ र ७ गते भएको आव २०७९/८० को अर्ध वार्षिक समिक्षामा वडा र विभिन्न शाखाहरुवाट उठाईएको समस्या र अपेक्षाहरुको समिक्षा गरियो । साथै वडा तथा शाखाबाट आएका समस्या तथा अपेक्षामा उठेका विषयहरुलाई समेत समावेश गरि सोको समाधानका लागि सम्वन्धित विषयगत समिति र शाखा/उपशाखा हरुको संयुक्त बैठक वसी समस्या तथा अपेक्षा आवश्यकता र स्रोतको आधारमा क्रमश समाधान गर्ने ।

निर्णय न. ३

वीरेन्द्रनगर नगरपालिकाको बाह्रौ नगरसभा देहायको मिति, समय र स्थानमा नगरपालिकाको नगरसभा संचालन कार्यविधि अनुसार गर्ने निर्णय गरियो ।

देहायः

मितिः २०७९।११।१ र २ गते

समयः दिउसो १: ०० वजे

स्थानः जिल्ला समन्वय समितिको सभाहल, वीरेन्द्रनगर , सुर्खेत ।

निर्णय न. ४

यस वीरेन्द्रनगर नगरपालिकाको आ.व. २०७९/८० नीति, योजना, वजेट तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुसार हुनेगरि योजना तथा कार्यक्रम उपर संशोधन, रकमान्तर र शीर्षक परिवर्तन गर्न आवश्यक परेमा औचित्यताको आधारमा वडा र शाखाहरुवाट सात दिनको समय सिमा भित्र पुष्ट्याई सहि पेश गर्न पत्राचार गर्ने र प्राप्त योजना र कार्यक्रम उपर छलफलका लागि आगामी कार्यपालिकामा निर्णयार्थ पेश गर्ने।

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय नं ९: अन्य विविध

(क) सुर्खेत उपत्यका नगरविकास समितिलाई पूर्णता दिन देहायका सदस्यहरु तोक्ने निर्णय गरयो ।
देहायः

१. नगर उप-प्रमुख, श्री निलकण्ठ खनाल - सदस्य
२. वडा अध्यक्ष ,श्री ध्रुब कुमार चपाई - सदस्य
३. कार्यपालिका सदस्य, श्री नवराज गुरुङ्ग - सदस्य
४. श्री पुर्ण प्रसाद पौडेल, वी.न.पा. १२ सुर्खेत -सदस्य
५. श्री विमला थापा, वी.न.पा. १० सुर्खेत -सदस्य

(ख) वीरेन्द्रनगर नगरपालिकाको स्वामित्वमा रहेको गौशालालाई प्रभावकारी रुपमा संचालनका लागि अति आवश्यक चार जना कामदारका लागि मासिक रु १५०००/- र खाना खर्च वापत रु २०००/- गरि जम्मा १७,०००/- का दरले चार जना कामदारको पारिश्रमिक भुक्तानी पालिकावाट हुने गरि आषाढ महिनासम्मको व्यभार पालिकावाट व्यहोर्ने ।

(ग) आर्थिक २०७८/७९ मा सम्झौता भएका तर सम्पन्न हुन नसकी अलपत्र पारिएका र श्रोत सुनिश्चता हुन नसकेका ठेक्काको म्याद थप नगरी रद्ध गर्ने ।

(घ) वीरेन्द्रनगर नगरपालिका वडा नम्वर ८ मा रहेको सेभ हाउस संचालनको लागि चालु शीर्षकमा रु ३००००००/- वजेट विनियोजन भएकोमा उक्त भवन रंङ्ग रोगन , फिटिङ्गस तथा शुरक्षा घेरावार पर्खाल निर्माण सम्पन्न गरेर मात्र संचालनमा ल्याउन सकिने अवस्था रहेकोले आगामी नगरसभावाट अनुमोदन हुने गरि चालु शीर्षकवाट पूँजीगतमा शीर्षक कायम गर्ने । साथै प्रतिस्पर्धाको पर्वद्धन हुने गरी पूर्वाधारको काम ठेक्का माध्यमबाट अगाडी वढाउने ।

(ङ) प्रत्यक वडामा रणनितिक र दिर्घकालीन महत्व राख्ने पूर्वाधार जन्य र अन्य क्षेत्र समेटने योजना कार्यान्वयन गर्न वडा समितिको बैठकबाट निर्णय गरि ५/५ वटा योजना छनौट गरि लागत अनुमान सहित पठाउन वडामा पत्राचार गर्ने र प्राप्त आर्थिक तथा प्राविधिक रुपले उपयुक्त योजनाहरु छनौटका लागि आगामी कार्यपालिका बैठकमा निर्णयार्थ पेश गर्ने ।

(च) यस आ.व. २०७९/०८० मा सडक वोर्डबाट संञ्चालन गरिने सडक मर्मत सम्वन्धी साईड छनौटको कार्यपालिकाबाट निर्णय गरी कामको लागत अनुमान र पालिकाबाट गरिने योगदान समेत संलग्न राखी माघ मसान्तसम्म समन्वय गरी पठाउने व्यवस्था मिलाउन पूर्वाधार विकास शाखालाई निर्देशन दिने ।

(छ) कृषि विकास शाखावाट आ.व.२०७९/८० मा संघीय सरकारवाट शसर्त कार्यक्रम तर्फ एक पालिका एक पशु र कृषि क्षेत्रको स्नातक प्राविधिक राखी कामकाज गराउने गरि तलव/भत्ता समेत

नरहरी तिवारी
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निकासा भएकोले योग्यता र दक्षताको आधारमा प्रतिस्पर्धाको पर्वर्द्धन हुने गरि जनशक्ति छनोटका लागि टिप्पणी मार्फत कार्यपालिकामा निर्णयार्थ पेश भएकोले कर्मचारी भर्नाका लागि अनुमति प्रदान गर्ने ।

(ज) वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ६ मा वहुतले सपिङ्ग कम्प्लेक्स निर्माण गरि नगरपालिकाको दिगो आय वृद्धि गर्न नगर विकास कोषसँग सुलभ कर्जाको लागि प्रक्रिया अगाडी वढाईएकोमा नगरपालिकाको तर्फवाट गर्नुपर्ने लागत साझेदारीको सुनिश्चितता आवश्यक परेकोले नगर विकास कोषको मापदण्ड अनुसार वीरेन्द्रनगर नगरपालिकाको तर्फवाट व्यहोरिने श्रोतको सुनिश्चितता गरी अग्रिम कारवाहीका लागि प्रक्रिया अगाडी बढाउने ।

२०७३।१०।१६
नरहरि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

२०७३।१०।१६
मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख